# इमर्जिङ्ग नेपाल लिमिटेड

Emerging Nepal

राइजिङ्ग मल, चौथो तल्ला, कमलादी, काठमाण्डौ ।
फोन नं. ०१-४७९६०९९ । ईमेल: mail@emergingnep.com

## संस्थापक तथा सर्वसाधारण शेयरको एकीकृत (Uniform) ISIN कायम गरिएको सम्बन्धमा

यस इमर्जिङ्ग नेपाल लिमिटेडको संस्थापक तथा सर्वसाधारण शेयरका लागि यसअघि छुट्टाछुट्टै ISIN कायम रहेकोमा संस्थापक समूहको शेयरको लकइन अवधि मिति २०८१/११/०३ मा समाप्त भइसकेको तथा यस सम्बन्धमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट कम्पनीको सम्पूर्ण शेयरका लागि NEPSE Stock Symbol ENL कायम गरिसकेको र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको मिति २०८३/०५/१७ को पत्र मार्फत ISIN एकीकृत गरी ISIN NPE393A00006 कायम गर्ने निर्णय भई उक्त निर्णयानुसार ISIN एकीकृत गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## आधारभूत शेयरधनीका लागि अनिवार्य जानकारी

नेपाल धितोपत्र बोर्डको मिति २०८३/०५/०९ को निर्देशन बमोजिम यस कम्पनीका कुनै पनि आधारभूत शेयरधनीले आफूले धारण गरेको शेयरको ५ (पाँच) प्रतिशत वा सोभन्दा बढी शेयर बिक्री गर्न चाहेमा बिक्री गर्न चाहेको शेयर बिक्री गर्नुभन्दा कम्तीमा १५ (पन्ध्र) दिन अगावै आफ्नो बिक्री गर्ने मनसाय तथा सम्बन्धित विवरण यस कम्पनीलाई लिखित रूपमा जानकारी गराउनुपर्नेछ। यसरी प्राप्त सूचनाको वैधता तीन महिना कायम रहनेछ र त्यस्तो सूचना नेप्सेमार्फत सार्वजनिक गर्ने व्यवस्था गरिनेछ । अत: सबै सम्बन्धित आधारभूत शेयरधनी तथा लगानीकर्ताहरूलाई उपर्युक्त व्यवस्थाको पालना गर्नुहुन अनुरोध गरिन्छ ।

साथै, कम्पनीको शेयर कारोबारको सिलसिलामा आधारभूत शेयरधनीमा समावेश भएको वा हटेको हकमा पनि कम्पनीलाई उक्त जानकारी र विवरण पेश गर्न सूचित गरिन्छ ।